
# पहिलो तिमोथी

पावलले तीन वटा पत्रहरु दुई व्यक्तिहरुलाई सम्बोधन गरी लेख्छन्। पावलले पहिलो र दोस्रो तिमोथी उनको घनिष्ट मित्र सहकर्मी तिमोथीलाई लेखेका थिए। तिनले तीतस नामक अर्का सहकर्मी र घनिष्ट मित्रलाई तेस्रो पत्र लेखे। यी तीनवटै पत्रहरु पावलका अन्य पत्रहरु भन्दा भिन्न छन् जुन कुनै खास मण्डली वा मण्डलीहरुको समूहलाई लेखिएको थियो। यी पत्रहरुले हामीलाई पावलले मण्डली नेतृत्वको बारेमा कसरी काम गरे र सिकाउनुभयो भन्ने बारे अन्तरदृष्टि दिन्छ।




**लेखक:** पावल प्रेरित

**लेखको मीति: (**६२-६६) बीचमा लेखेका थिए।

**मूल दर्शक:** पावलको सहकर्मी तिमोथी।

**पत्र लेख्नुको कारण:** पावलले तिमोथीलाई एफिससको मण्डलीमा चुनौतीपूर्ण परिस्थितिमा जिम्मा दिएका छन्। एफिससमा, झुटा शिक्षकहरुले केही घरेलु मण्डलीहरुलाई साँचो विश्वासबाट टाढा हुन प्रभावित गरेका छन्। पावलले तिमोथीलाई त्यो झूटो शिक्षाको विरोध गर्न र विश्वासमा दृढ रहन प्रोत्साहन दिन लेख्छन्। पावलले मण्डलीलाई आराधना, मण्डलीका अगुवाहरु र विश्वासीहरुका लागि सही आचरणबारे पनि निर्देशन दिन्छन्।

**पत्रको मुख्य सन्देश:** प्रारम्भिरक अभिवादन (१:१-२) पछि, पावलले तिमोथीलाई झूटा शिक्षा सिकाउनेहरुलाई रोक्न र विश्वासयोग्य शिक्षालाई अघि बढाउन अग्रह गर्छन्। (१:३-११) परमेश्वरको कृपाको गवाहीको रुपमा ख्रिष्ट येशूद्धारा बचाइएका पूर्व निन्दाकर्ताको रुपमा पावलले आफ्नै कथा साझा गरे। (१:१२-१७) अर्काे, पत्रले विषेश गरी अख्तियारवालाहरुका लागि उत्कट प्रार्थना गर्न प्रोत्साहन दिन्छ। (२:१-४), र मण्डलीमा आराधना गर्ने बारेमा अन्य निर्देशनहरु दिन्छन्। (२:५-१५) त्यसपछि, पावलले मण्डलीका अगुवाहरुको लागि योग्यताको सारांश प्रदान गर्दछ। (३:१-१५) पावलले झूटो शिक्षकहरुका विरोध अझ थप चेताउनी दिन्छन् (४:१-५), र सँगै तिमोथीको आचरण र सेवकाई बारे पावलको प्रशंसा।(४:६-५:२) यसले विधवाहरुको बारे (५:३-१६), अगुवाहरु (५:१७-२०) र दासहरु (६:१-२) बारे विशेष सल्लाह दिन्छ र तिमोथीको लागि विशेष व्यक्तिगत निर्देशन दिन्छन्। (५:२१-२५) अन्तमा, पावल तेस्रो पटक झूटो शिक्षाको विषयमा फर्किन्छन् र पैसाको भ्रष्ट प्रभावको बारेमा कुरा गर्छन्। (६:३-१०) तिमोथीलाई वफादार हुन आज्ञा दिएर पावल समाप्त गर्छ (६:११-१६), धनी हुन केही सल्लाह (६:१७-१९), र तिमोथीलाई सुम्पिएको काम वफादार भई गर्नको लागि अन्तिम निर्देशन। (६:२०-२१)

**पहिलो तिमोथीको रुपरेखा:**

1. अभिवादन, र झूटो शिक्षकहरुको विरोध (१:१-२०)
2. आराधना बारे निर्देशन (२:१-१५)
3. विशप र डिकनहरुका लागि योग्यता (३:१-१६)
4. तिमोथीलाई झूटा शिक्षा र आरोप विरुद्ध खडा (४:१-१६)
5. विश्वासीहरुलाई राम्रोसँग हेरचाह गर्नु (५:१-६:२)
6. झूटबाट भाग्नुहोस् र विश्वासको लागि लड्नुहोस् (६:३-२१)

## तिमोथी को थिए?

तिमोथी एक गैरजाति पुरुष र यहूदी स्त्रीको छोरा थिए। उनी लुस्त्रा सहरमा बस्थे, र उनकी आमा विश्वासी हुनुहुन्थ्यो, तर उनको बुबा विश्वासी थिएनन्। (प्रेरित १६:१) पावलले उसलाई आफ्नो दोस्रो सेवकाईको यात्राको लागि एक साथीको रुपमा भर्ती गरे, तर तिनले यहूदीहरुलाई अपमान नगर्न तिमोथीको खतना गरे। (प्रेरित १६:३) त्यो यात्राको अन्त्यतिर, पावलले थेस्लोनिकीहरुलाई बलियो बनाउन तिमोथीलाई थेसलोनिकीमा पठाए।(१ थेसलोनिकी ३:२) तिमोथीले कोरिन्थमा पावललाई थेसलोनिकी मण्डलीको बारेमा सुसमाचार ल्याए। (प्रेरित १८:५, १ थेसलोनिकी ३:६) तिमोथीले पावलसँग केही समयसँगै काम गरेका थिए। (२ कोरिन्थी १:१९)। त्यसपछि, तिनी पावलसँग आफ्नो तेस्रो सेवकाई यात्रामा गए र एफिससमा लामो समयसम्म बस्दा पावलसँगै थिए। (प्रेरित १९) त्यसपछि, पावलले उनलाई फेरी माकेडोनिया पठाए (प्रेरित १९:२२) र बारम्बार कोरिन्थमा (१ कोरिन्थी ४:१७; १६:१०) पठाए। तिमोथीले पछि कोरिन्थीमा पावलसँग एक हिउँदो बिताए, जहाँबाट पावलले रोमीहरुलाई पत्र लेखे। (रोमी १६:२१), र त्यसपछि त्रोआसमा गए, जहाँ पावलले यरुशलेम जाने बाटोमा उनीसँग एक हप्ता बिताए (प्रेरित २०:४-५)। तिमोथी पावलको घनिष्ट साथी, र सहकर्मी र यात्रा गर्ने साथी थिए भनी हामी यी सबैबाट देख्न सक्छौं। पावलले तिमोथीलाई सेवकाई पूरा गर्न विश्वास गरे। तिमोथीलाई सम्बोधन गरिएका दुईवटा पत्रहरुले अन्य सानो विवरणहरु थप्छन्: उनकी आमाको नाम युनिस थियो, र उनकी हजुरआमा लोइस एक विश्वासी थियो। (२ तिमोथी १:५) तिनी पावलको तुलानामा जवान थिए (१ तिमोथी ४:१२;५:१), तिनी बारम्बार रोगबाट पीडित थिए। (१ तिमोथी ५:२३) र तिनले अगमवाणीद्धारा हात राखेर आध्यात्मिक वरदान पाएको थियो।(१ तिमोथी ४:१४; २ तिमोथी १:६)

---

## यस पत्र चाहिँ एफिससमा रहेका मण्डलीहरु वा तिमोथी?

पावलले यो पत्र तिमोथीलाई सम्बोधन गरेको छ, तर यो हुनसक्छ कि केही खण्डहरुमा यो पत्र सम्पूर्ण एफिसस मण्डलीका निम्ति रहेको देखिन्छ। उदाहरणको लागि; पत्रको अन्तिम शब्दहरुमा, “तिमीहरुमा सबैलाई अनुग्रह होस्” यसले के संकेत गर्छ भनी पावलले तिमोथीलाई केही खण्डहरु सम्पूर्ण मण्डलीको निम्ति पढि दिन पावलको उद्देश्य रहेको स्पष्ट देखाउँछ। त्यसैले, सम्पूर्ण पत्र मण्डलीको निम्ति किन नलेख्ने? तपाईले पहिलो तिमोथी अध्ययन गर्दा, पावलले झुटा शिक्षकहरु बारे के भन्छन् ध्यान दिनुहोस्। यो हुनसक्छ कि ती झुटा शिक्षकहरु स्थानीय एल्डरहरु थिए जसले अनुग्रहको सुसमाचार प्रति स्वीकार गरेका थिएनन्। (१:११-१७) अन्य पत्रहरुमा, पावलले स्पष्ट पर्छ कि ति झुटा शिक्षकहरु बाहिरबाट आएका हुन् (२ कोरिन्थी, गलाती र फिलिप्पी)। तैपनि, ती झुटा शिक्षकहरु एफिससमा बाहिरबाट आएको हुन् भनी कुनै संकेत छैन। पावलले दुई जनालाई बहिष्कृत गरेका छन् जो त्यही भित्रका थिए।(१:१९-२०) पावलले पहिलो तिमोथी लेख्नु भन्दा धेरै वर्ष अघि, यी कुरा हुने तिनले भविष्यवाणी गरेका थिए ( प्रेरित २०:१७-३५)। झुटा शिक्षकहरु बिरुद्ध एफिसिसहरुलाई चेताउनी दिँदा, पावलले भन्छन् “तपाईहरुकै बीचबाट पनि झुटा शिक्षा दिने मानिसहरु निस्कनेछन्। तिनीहरुले प्रभुका चेलाहरुलाई आफ्नै कुबाटोमा लैजान खोज्नेछन्।”(प्रेरित २०:३०) पावलले पत्र तिमोथीलाई लेख्नुको उद्देश्य यो हुनसक्छ कि एफिससका केही एल्डरहरुले पत्र पढ्न अनुमति दिएका थिएनन्। पत्रका केही भागहरु पावलले विशेष रुपमा तिमोथीलाई लेखेको थिए भने केही भागहरु एफिससका सम्पूर्ण मण्डलीको निम्ति लेखेको थिए।

सबै पत्रहरुमा जस्तै, सम्पूर्ण पत्र सुरु देखि अन्तसम्म पढ्न र सुन्न राम्रो हुन्छ। त्यसपछि, फेरि प्रत्येक अध्याय पढेर निम्न प्रश्नहरुको छलफल गर्नहोस्;

1. तपाईले परमेश्वर, येशू र पवित्र आत्माको बारे के सिक्यौ?
2. तपाईले मानिस बारे के सिक्यौ?
3. हामीले पावलको शिक्षा कसरी पालन गर्न सक्छौं?
4. यो पत्र तपाईले कसलाई बताउन सक्नुहुन्छ?

